नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक बिभाग
**ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना**
**परियोजना समन्वय कार्यालय**
अमरगढी, डडेल्धुरा

प.सं. २०७४/०७५
च.नं. ११६

मिति :- २०७५/३/१०

## स्थानीय तहमा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको सहयोगमा खानेपानी योजनाको लागि प्रस्ताव आव्हान

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको परियोजना दस्तावेज (नोवेम्वर २०१७) वमोजिम परियोजनाको कार्यक्षेत्र तथा कार्यपद्धतिमा संशोधन भए अनुसार खानेपानी तथा सरसफाइ योजना कार्यान्वयन कृयाकलापहरुमा सहजीकरण गर्ने कार्यमा परियोजनाका लक्षित एवं अन्य सबै स्थानीय तहमा स्थानीय तहको आवश्यकता तथा मागको आधारमा प्रतिष्पर्धात्मक विधिवाट छनौट गरी सहयोग गर्न सक्ने प्रावधान भएकोले परियोजना कार्यरत रहेका प्रदेश नं. ७ का अछाम, बैतडी, बाजुरा, बझाङ्ग, डडेल्धुरा, दार्चुला, डोटी एवं कर्णाली प्रदेशका हुम्ला र दैलेख जिल्लाका परियोजनाका लक्षित कार्यक्रम गाउँपालिकाहरु (Core Program Rural Municipalities) बाहेकका ५९ वटै स्थानीय तहहरुवाट मिति २०७५/३/४ गतेको Project Management Team को निर्णय वमोजिम यो प्रस्ताव आव्हान गरिएको छ ।

१. परियोजनाको आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्न इच्छुक स्थानीय तहले प्रस्तावना फाराम भरी सम्बन्धित सम्वन्धित कार्यपालिका कार्यालयको आधिकारिक पत्र सहित मिति २०७५ पुष १६ भित्र परियोजनाको जिल्लास्थित प्राविधिक सहयोग इकाई कार्यालयमा प्रस्ताव पेश गर्न सक्नेछन् ।

२. प्रस्ताव फाराम परियोजनाको जिल्लास्थित प्राविधिक सहयोग इकाई कार्यालयबाट प्राप्त गर्न सकिनेछ प्रस्ताव फाराम परियोजनाको वेवसाइट www.rvwrmp.org.np/format (खानेपानी योजना प्रस्ताव फाराम) बाट डाउनलोड गर्न सकिनेछ ।

३. रितपूर्वक नभरिएको, आवश्यक जानकारी उल्लेख नगरिएको, कार्यपालिका कार्यालयको पत्र समावेश नभएको वा निर्धारित मिति भित्र प्राप्त नभएका प्रस्तावहरुमाथि कुनै कार्यवाही हुनेछैन ।

४. प्रस्तावहरुको मूल्याङ्कन स्वीकृत अंकभार बमोजिम प्रतिष्पर्धात्मक पद्धतिवाट गरिनेछ र कुनै पनि प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने वा थप छलफल गरी प्रकृया अगाडी बढाउने सम्पूर्ण अधिकार ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना Project Management Team मा सुरक्षित रहेको छ ।

धिरेन्द्र भट्ट
राष्ट्रिय परियोजना संयोजक
राष्ट्रिय परियोजना संयोजक